जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १६ | २०७८ साल साउन २१ गते बिहीबार (5 Aug. 2021 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**कोभिड–१९ को संक्रमणबाट बचौं र बचाऔं**

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं :

- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विश्वमा कोरोना वृद्धि, ... ३ पृष्ठमा : बाढीपहिराले सडकमा ... ३ पृष्ठमा : बेलायतमा कोरोनाबाट ...

# उपाध्यक्षले धम्की दिएको भन्दै तिलाठी कोइलाडीका कर्मचारीहरु आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका कर्मचारीहरु बुधबारदेखी कार्यालयको कामकाज ठप्प पारि आन्दोलनमा उत्रेका छन् ।

गाउँपालिकाकी उपाध्यक्ष सुचिता कुमारी यादवले प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झासहितका कर्मचारीलाई मंगलबार आफ्नो कार्यकक्षमा बोलाई कामकाज नगर्नुस् कामकाज गरेमा हातपात गर्ने भनी दिएको धम्कीप्रति आपत्ति जनाउँदै कर्मचारीहरु बुधबारदेखि आन्दोलित भएका हुन् ।

उपाध्यक्ष यादवले माग गरेको विवरणहरुको सम्बन्धमा कुराकानी भईरहँदा प्रमुख प्रशासकीय अधिकृत झालाई बुधबारदेखि काम नगर्न तथा गरेमा आफूले हातपात गर्ने भनी धम्की दिएकी थिइन् ।

गत बर्ष पनि उपाध्यक्ष यादव र निजका श्रीमान शिवनाथ यादवले गाउँपालिकाका सहलेखापाललाई हातखुट्टा काटिदिने धम्की दिएका थिए । यता उपाध्यक्ष यादवले माफी नमागेसम्म आन्दोलन जारी रहने जनाइएको छ ।

यसैबीच बुधबार गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह तथा वडा अध्यक्षहरुको उपस्थितिमा आन्दोलित कर्मचारीहरुसग छलफल भएको छ । छलफलका क्रममा वडा नं. १ का वडा अध्यक्ष दिनेश्वर मिश्रलाई उपाध्यक्ष यादवसँग समन्वय तथा सहजीकरण गर्न जनप्रतिनिधीहरुले जिम्मेवारी दिएको कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद सिंहले बताए ।

उपाध्यक्ष यादवले गत विगतमा पनि कर्मचारीलाई धम्की दिंदै आएको र कर्मचारीहरु मथि हातपात समेत गरेको हुँदा निज उपाध्यक्ष यादवले माफी नमागेसम्म तथा शान्ति सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय सप्तरीलाई समेत पत्राचार गरिएको कर्मचारी युनियनका अध्यक्ष सिंहले बताए ।

यस्तै उपाध्यक्ष यादवको धम्कीका बारेमा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला समन्वय समिति सप्तरीमा समेत जानकारी गराइएको छ ।

# रामको मृत शरीर कुलोमा भेटिए

**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

सप्तरीको खडक नगरपालिका ३ गरुराहा टोल निवासी ३० वर्षिय श्यामसुन्दर रामको मृत शरीर बुधबार फेला परेको छ ।

मंगलबार साँझदेखी हराइरहेका रामको मृत शरीर घरभन्दा करिब ५० मिटर टाढा रहेको कुलोबमा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पानी जमेको कुलोमा घोप्टो अवस्थामा बिहान ६ बजेतिर मृत शरीर फेला परेको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

मंगलबार साँझ घरबाट बजारमा केही काम छ भन्दै निस्केका उनी राती घर नफर्केपछि खोजतलास गर्दै जाँदा बुधबार बिहान घर नजिकैको कुलोमा मृत शरीर फेला परेको परिवारजनले बताए ।

रामको हत्या गरिएको भन्दै परिवारजनले घटनाको

*बाँकी दुई पृष्ठमा*

# सप्तरी उद्योग बाणिज्य संघ राजविराजको सदस्यता नविकरण सम्बन्धी अत्यावश्यक सूचना

सप्तरी उद्योग बाणिज्य संघको ११ औं साधारण सभा यही २०७८ असोज ९ गते शनिबारका दिन हुने भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ। साथै यस संघका सदस्यहरुले आ-आफ्नो सदस्यता नविकरण मिति २०७८/०५/२५ गते भित्र गराउन हुनका लागि यो सूचना जारि गरिएको छ। उक्त मिति सम्ममा नविकरण नगराएको खण्डमा साधारण सभा र अधिवेशनमा सहभागि हुनबाट बञ्चित भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ।

**महासचिव**
**अनन्तलाल साह**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

# बिकास र समृद्धिको महत्वपुर्ण आधार कृषि नै हो : कृषि मन्त्री साह



**दैनिक समाचारदाता**
**राजबिराज, २० साउन ।**

प्रदेश २ का भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले विकास र समृद्धिको महत्वपूर्ण आधार कृषि नै रहेको बताएका छन् ।

बुधवार सप्तरीको बिष्णुपुर गाउँपालिका ६ स्थित रंजितपुर गोरगामामा आयोजित कृषि हाट बजार सुदृढिकरण सहयोग कार्यक्रम अन्तर्गत कृषि हाट बजार सेड उदघाटन कार्यक्रममा सो कुरा बताएका हुन् ।

उनले विकास र समृद्धिको एउटा महत्वपूर्ण आधार कृषि नै रहेकाले कृषि क्षेत्रलाई आधुनिकरण गरी हाट बजारमार्फत कृषकलाई आत्मनिर्भर बनाउन ठूलो टेवा पुग्ने बिश्वास ब्यक्त गरे ।


कृषिमा व्यवसायीकरण गरी उत्पादन बढाउने सरकारको लक्ष्य रहेकोले सोही अनुसार अघि बढेकाले कृषि उत्पादनलाई महत्व दिएर बजारीकरण गर्न कृषक सडक जस्ता कार्यक्रम गर्दै आएको उनको भनाई थियो ।

मन्त्री साहले कृषकहरुका लागि मलखादको समस्या नआउन दिनका लागि प्रदेश सरकारले दिर्घकालिन योजना अघि सारेको जानकारी समेत दिए ।

कृषि ज्ञान केन्द्र तथा रंजितपुर चौक कृषी उपज बजार सेड निर्माण उपभोक्ता समितिको साझेदारीमा कृषि हाट बजार सुद्रिढिकरण कृषि उपज बजार कुल २० लाखको लागतमा निर्माण गरिएको हो ।

सेड ब्यबस्थापन समितिका अध्यक्ष राहुल रायको अध्यक्षतामा आयोजित उदघाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष निलाम्वर यादब, प्रमुख प्रशासकिय अधिकृत ललन यादब, जसपा केन्द्रीय सदस्य तथा युवा नेता दिनेश यादब, लक्ष्मण यादब, वडा ६ का अध्यक्ष बहादुर सदा, नेकपा नेता अशोक यादब, जसपा युवा नेता सत्येन्द्र यादब, जसपा नेपाल केन्द्रीय सदस्य सुरेन्द्र प्रसाद यादब, स्थानिय कृषक किरण राय लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

सो अवसरमा रंजितपुर, गोरगामाका स्थानिय सयौं कृषक, किसान, शिक्षक, स्थानियहरूको उपस्थिति रहेको थियो ।




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

# स्थानिय भाषाको विकासमा जोड दिऔं

मुलुकमा संघीयता आएपछि विभिन्न भाषाहरुको पनि आफ्नै महत्व बढेको छ। स्थानिय स्तरमा बोल्ने र प्रयोग हुने विभिन्न भाषहरुलाई अहिले महत्व दिइदै छ। तर, अहिले पनि स्थानिय स्तरको भाषालाई लिपिबद्ध रुपमा रुपान्तरण गर्न स्थानिय पालिकाहरुले गर्न सकेका छैनन्। हरेक स्कुल, कलेजमा स्थानिय भाषाका पुस्तकहरु भेट्न मुश्किलै छ। मात्र बोलचालको रुपमा स्थानिय भाषालाई प्राथमिकता दिइएको छ।

विद्यालय उमेरको मानव मस्तिष्कमा भाषा सिक्न सक्ने क्षमता अत्याधिक हुन्छ। जसले जति बढी भाषा सिक्न सक्यो, उसको भाषिक योग्यतामा त्यति नै वृद्धि हुन्छ। तसर्थ कक्षा १ देखी नै स्थानिय भाषाका पुस्तकहरु पढाउन सकियो भने पक्कै नै स्थानिय भाषाको विकास तथा यसको सम्बर्द्धन हुन सक्छन्।

पुरानो रोगको उपचारको लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्वमा कोरोना वृद्धि, कतै तेस्रो त कतै चौथो लहरको त्रास

काठमाडौँ, २० साउन (रासस)।

चीनको हुबे प्रान्तको वुहान शहरबाट डेढ वर्षअघि शुरु भएको कोरोना भाइरसको विभिन्न भेरिएन्टले विश्वभर ४२ लाख ४६ हजारभन्दा बढी व्यक्तिको ज्यान लिएको छ। विश्वभर कूल सङ्क्रमितको संख्या पनि २० करोडको हाराहारीमा छ। विश्वभर १९ करोड ९५ लाख ६६ हजार ४९ जना कोरोना भाइरस सङ्क्रमित भइसकेका छन्। कोरोना भाइरसको सङ्क्रमितको यो संख्या विश्वको जनसंख्याको २.५ प्रतिशतभन्दा बढी हो।

जति समय बित्यो त्यति नै यो भाइरसको प्रकोप कम हुँदै जाने आँकलन शुरुमा गरिएको थियो। पहिलो वेभकै समयमा गत वर्ष नै विश्वका वैज्ञानिक तथा जनस्वास्थ्यविद्‌ले दोस्रो या तेस्रो वेभको कल्पना पनि गरेका थिएनन्। तर परिस्थिति त्यस्तो रहेन। अहिले दक्षिण कोरियामा चौथो वेभ आएको बताइएको छ भने बेलायतमा तेस्रो वेभको कष्ट पुनःशुरु भएको छ। अनि अमेरिका गएको महिनासम्म कोरोनाबाट लगभग मुक्त हुने हो कि भन्ने दिशातिर गएकोमा अहिले फेरि सङ्क्रमित बढ्न थालेका छन्। केही समयअघि अमेरिकीलाई मास्क नलगाए पनि हुने भनिएकामा अहिले फेरि विभिन्न राज्यमा मास्क अनिवार्य गर्ने काम भइरहेका छन्।

यसरी पछिल्ला केही महिनामा फेरि बढ्दोरुपमा देखिन थालेको यो महामारीको कहरले विश्वको अर्थतन्त्रलगायत मानवीय जीवनशैलीलाई नै नराम्ररी परिवर्तन गरिदिएको छ। विश्वका देशले उडान प्रतिबन्ध लगाएका छन्। जसका कारण विश्व पर्यटन नराम्ररी प्रभावित छ। त्यस्तै होटल, एयरलाइन्स तथा अरु पर्यटकीय संरचनाको अवस्था कल्पनाभन्दा बाहिर पुगेको छ। विश्वका मानिस पर्यटकका रुपमा घर बाहिर या विदेशमा निस्किन नपाएपछि यसबाट असर त पर्ने नै भयो।

अहिलेसम्मको अनुसन्धानले देखाएअनुसार यस भाइरसको एउटा मात्र विकल्प खोप हो। हाल विश्वको जनसंख्या सात अर्ब ८७ करोडभन्दा बढी छ। चार अर्ब १५ करोड आठ लाख १५ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। अरु बाँकी अर्थात् आधा विश्वले त अझै खोप लगाउनै बाँकी छ। खोपको समानुपातिक वितरण हुनसकेको छैन। यसले गर्दा विश्वमा खोपको कतै धेरै मात्रा थुप्रिएको सुनिन्छ भने कतैका नागरिकले पहिलो मात्रा लगाइसकेका तर दोस्रो मात्रा नपाएर पर्खिबसेका छन्। यतिमात्र होइन कि धेरैले त पहिलो मात्रा नै पाएका छैनन्।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरमा ४२ लाख ४६ हजार २०२ जनाको कोरोनाजन्य जटिलताबाट मात्र मृत्यु भएको छ। यसबाट मानिसको मृत्यु हुने क्रम रोकिएको छैन। महामारी नै अझै कहिले रोकिने भन्ने पत्तो छैन र एकपछि अर्कोगरी विभिन्न भेरिएन्ट दिनानुदिन थपिँदै गएका बताइन्छ। यस्तो अवस्थामा कुनै एक या दुई देशमात्र होइन कि विश्व नै यो महामारीबाट कसरी बाहिर निस्किने हो भन्ने विषय नै झन्भन्दा झन् अन्यौलमा पर्दैछ।

विश्वमा यस्ता महामारीजन्य रोग यसअघि पनि नआएको भने होइन। सन् १९१८ मा शुरु भएको इन्फ्लुएन्जा माहामारीलाई इतिहासकै गम्भीर माहामारीको रुपमा लिइएको छ। यो माहामारी 'एच १ एन १' भाइरस् नाम दिइएको इन्फ्लुएन्जा फ्लुबाट ५० करोड व्यक्ति सङ्क्रमित भएका थिए भने यस रोगको सङ्क्रमणको कारण पाँच करोड व्यक्तिको मृत्यु भएको थियो। सो सङ्क्रमित संख्या उक्त समयको विश्वको जनसंख्याको एक तिहाइ थियो। यस फ्लुले अमेरिकामा मात्र छ लाख ७५ हजार भन्दाबढी व्यक्तिको मृत्यु भएको थियो। सन् १९१८ मा शुरु भएको यो प्रकोप सन् १९२० मा मात्र अन्त्य भएको थियो। यो भाइरसको उत्पत्ति कहाँ भएको हो भने प्रष्ट हुन सकेन। सन् १९१८ को बसन्त ॠतुमा पहिलो पटक एक अमेरिकी सैनिकमा उक्त भाइरस फेला परेको थियो।

यस्तै सन् २००९ मा स्वाइन फ्लु नामक माहामारी शुरु भएको थियो। स्वाइन फ्लु सन् २००९ जनवरीबाट शुरु भई सन् २०१० को अगस्तमा अन्त्य भएको थियो। यस फ्लुको शुरुवात उत्तरी अमेरिकी देश मेक्सिको र भेराक्रुज भएको थियो। यस फ्लुबाट चार लाख ९१ हजार सङ्क्रमण पुष्टि भएको थियो भने दुई लाख ८४ हजारको मृत्यु भएको थियो। सन् १६६५ मा द ग्रेट प्लेग माहामारी शुरु भएको यो सन् १६६५ बाट १६६६ सम्म माहामारीको रुपमा रहेको थियो यसको शुरुवात संयुक्त अधिराज्य लण्डनबाट शुरु भएको थियो। यस प्रकोपबाट ७५ हजार व्यक्तिको मृत्यु भएको थियो।

त्यसैगरी पश्चिम अफ्रिकी देशमा भने अर्को एक खतरनाक भाइरस इबोलाको महामारी शुरु भएको थियो। यस भाइरसको शुरुवात सन् २०१३ को डिसेम्बर २६ बाट भएको थियो। यो माहामारी सन् २०१६ को जनवरी ९ सम्म रहयो। यस प्रकोपबाट ११ हजार ३२३ व्यक्तिको मृत्यु भएको थियो।

जोन्स हप्किन्स विश्वविद्यालयले अगस्त ३ मा प्रकाशित गरेको विवरणअनुसार कोरोनाबाट अत्यन्त प्रभावित २० देशका सङ्क्रमित र यस सङ्क्रमणबाट ज्यान गुमाएका नागरिकको संख्या यहाँ ग्राफिक्समा प्रस्तुत गरिएको छ। यो तथ्याङ्क नेपाली समयानुसार मंगलबार बिहान १०:३० बजेको हो।

बिभिन्न अध्ययनले हाल विश्वमा कोभिड-१९ विरुद्ध खोप लगाएका व्यक्तिको मृत्यु दर कम भएको देखाएको छ। एक डोज मात्र खोप लगाएका व्यक्ति पनि खोप नलगाएका व्यक्तिको तुलनामा मृत्युको मुखबाट बचेका छन्। हाल विश्वका चार अर्ब १५ करोड आठ लाख १५ हजार ७१६ डोज खोप लगाइएको छ। विश्वमा कोरोना प्रभावित दश देशले कतिकति डोप खोप लगाएका दश देशको तथ्याङ् हेर्दा सबैभन्दा माथि चीन नै देखिन्छ। चीनले अहिलेसम्म एक अर्व ६८ करोड ८६ लाख ८३ हजार डोज खोप लगाएको देखिएको छ।

त्यसैगरी भारतले ४८ करोड ५२ लाख ८६ हजार ८६ डोज, अमेरिकाले ३४ करोड ६१ लाख ९१ हजार ११७ डोज, ब्राजिल १३ करोड ५८ लाख तीन हजार ३३० डोज, जर्मनी नौ करोड २७ लाख ६६८ हजार ७८७ डोज, बेलायत आठ करोड ६० लाख ६२ हजार १३५ डोज, जापान आठ करोड ९१ लाख ११ हजार ९८९ डोज, फ्रान्स सात करोड ४८ लाख ५४ हजार ८३४ डोज, टर्की सात करोड ४० लाख ८९ हजार ८३४ डोज र इटालीले छ करोड ९६ लाख ६३ हजार २४३ डोज कोरोनाविरुद्ध खोप लगाएका छन्। (बिभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमको आधारमा तयार पारिएको समाचार।)

# आयोग विघटन गर्ने निर्णय सच्चाउन एमालेको माग

काठमाडौँ, २० साउन (रासस)।

नेकपा (एमाले)ले भूमिसम्बन्धी समस्या समाधान आयोगलाई विघटन गर्ने निर्णय सच्चाउन सरकारसँग माग गरेको छ। एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बुधबार विज्ञप्ति जारी गर्दै आयोग विघटन गरी जनताको अपेक्षा र अधिकारमाथि प्रहार गर्ने सरकारको निर्णय अविलम्ब सच्याउन माग गर्नुभएको हो।

विज्ञप्तिमा उहाँले भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीका हक र हितप्रति एमाले सधैँभरि सजग र संवेदनशील रहेको उल्लेख गर्दै भूमिहीन, सुकुम्बासीका जायज माग तथा आवाजप्रति पार्टीको सधैँ ऐक्यबद्धता रहनेसमेत स्पष्ट पार्नुभएको छ।

सरकारले मङ्गलबार आयोग खारेज गर्ने निर्णय गरेको थियो। "युगान्तकारी राजनीतिक परिवर्तनको लाभ आर्थिक र सामाजिक रुपले विपन्न वर्गले पाउनसकेमा मात्रै परिवर्तनप्रति उनीहरूको अपनत्व विकास हुनसक्छ र त्यसले मात्रै परिवर्तनले सार्थकता पाउन सक्छ", विज्ञप्तिमा भनिएको छ, "सरकारको यस निर्णयले विपन्न वर्गका अपेक्षामाथि ठूलो आँच पुऱ्याएको छ।"

भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन पूरा भएर वर्षौंदेखि जारी यस समस्याको दिगो समाधान हुने दिशातिर अगाडि बढिरहेका बेला आयोग विघटन गर्ने सरकारको निर्णयले मुलुकका लाखौं भूमिहीन तथा सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासीको जमीनको अधिकारसम्बन्धी मौलिक हकमाथि कुठाराघात भएको विज्ञप्तिमा जनाइएको छ।

नेपालको संविधानले परिकल्पना गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई प्रत्याभूत गर्न तथा संविधानले सुनिश्चित गरेका खाद्यसम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) लगायत राज्यका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्न भूमिसम्बन्धी ऐन (आठौं संशोधन) को व्यवस्था अनुसार भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

करीब एक वर्षअघि गठन गरिएको उक्त आयोगको ७७ जिल्लामा जिल्लास्तरिय समिति गठन गरिएको थियो। आयोगले अहिलेसम्म दुई लाख ४७ हजार ९६० दलित र सुकुम्बासी तथा नौ लाख २२ हजार ८०१ अव्यवस्थित बसोबासीले विवरण फारम भरिसकेको एमालेले जनाएको छ। तीन सय १९ भन्दा बढी पालिकामा लगत सङ्कलन गरिएको बताइएको छ। एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला देवीप्रसाद ज्ञवालीको अध्यक्षतामा आयोग गठन गरिएको थियो।

# भेरोसेलको दोस्रो मात्रा शुक्रबारदेखि

काठमाडौँ, २० साउन (रासस)।

सरकारले कोरोना भाइरसविरुद्धका खोपको दोस्रो मात्रा आगामी शुक्रबार (यही साउन २२ गते) देखि सञ्चालन गर्ने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलेको अध्यक्षतामा बसेको बैठकले कोरोना भाइरसविरुद्धको भेरोसेल खोपको दोस्रो मात्रा आगामी शुक्रबारदेखि लगाउने निर्णय गरेको हो। गत असार २९ गतेदेखि सञ्चालन भएको पहिलो मात्रा खोप लगाएका ५५ वर्षभन्दा माथिका उमेर समूहका मानिसलाई लगाउन थालिएको स्वास्थ्य सेवा विभागले जनाएको छ। दोस्रो मात्राको खोप अभियान यही साउन २४ गतेसम्म सञ्चालन हुनेछ। पहिलो मात्रा लगाएको २१ दिन पुगेका सबैलाई दोस्रो मात्राको खोप दिन थालिएको हो।

## रामको मृत...

सुक्ष्म अनुसन्धानको माँग गरेका छन्। यता प्रहरीले अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कडोरबोनाबाट एउटा टोली खटाइसकेको डिएसपी धमलाले बताए।

मृतकको शव पोष्टमार्टमका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइ थप अनुसन्धान भइरहेको डिएसपी काफ्लेले जानकारी दिए।

# बाढीपहिराले सडकमा ८० करोडको क्षति

काठमाडौं, २० साउन (रासस)।

वर्षाका कारण आएको बाढीपहिराले यो वर्ष सडकमा झण्डै रु ८० करोडको क्षति भएको छ। हालसम्म १५८ सडक अवरुद्ध भएको र २५ पुलमा क्षति पुगेको सडक विभागले जानकारी दिएको छ। अहिलेसम्म सडकमा कति रकमको क्षति भएको भन्ने अनुमान गरिए पनि पुलमा गर्न नसकिएको विभागका सम्भार महाशाखाका प्रमुख (उपमहानिर्देशक) भीमार्जुन अधिकारीले बताउनुभयो।

उहाँका अनुसार खोलाको सतह माथिसम्म भइरहेकाले पुलमा अहिले नै क्षति देखिएको छैन। उहाँले भन्नुभयो, “वर्षा कम भएपछि मात्रै त्यसको क्षति यकिन हुनेछ।” क्षतिग्रस्तमध्ये हाल १० सडकबाहेक अरू आंशिक वा पूर्णरूपमा सञ्चालनमा आइसकेको छन्। हालसम्म १५८ सडक अवरुद्ध भएकामा ५२ सडक पूर्णरूपमा चालु भइसकेको र ९६ सडक एकातर्फबाट मात्रै सञ्चालनमा रहेको विभागले जनाएको छ।

यस वर्ष क्षति पुगेका २५ पुलमध्ये आठ निर्माण सम्पन्न भइसकेका पुल हुन् भने आठ निर्माणाधीन पुल छन्। सात पुलमा क्षति नभए पनि पहुँच सडक क्षतिग्रस्त हुँदा पुल प्रयोगमा आउन नसकेको महाशाखामा कार्यरत इन्जिनियर केशव ओझाले बताउनुभयो। तीन कल्भर्ट र दुई काठको पुलमा क्षति पुगेको छ। उहाँले भन्नुभयो, “डुम्रेबाट माथि चामे जाँदा बाटोमा सानासाना छहरामा रहेका काठको पुल पनि क्षतिग्रस्त भएको छ।”

क्षतिग्रस्त बनेका पुलमा निर्माणाधीन भए त्यसको मर्मतको जिम्मेवारी व्यवसायीको हुने र निर्माण सम्पन्न भएर सञ्चालनमा रहेका पुलको मर्मतको जिम्मेवारी विभागको हुने इन्जिनीयर ओझाले बताउनुभयो। विभागले सङ्घीय, प्रदेश र स्थानीय गरी सबै किसिमका सडकमा आवश्यकतानुसार बेली ब्रिज उपलब्ध गराउँदै आएको छ। आपत्कालीन प्रयोगका लागि पूर्णरूपमा यातायात नै ठप्प भएका ठाउँमा बेली ब्रिज राखिने गरिएको उहाँले बताउनुभयो। चालु आवमा कुनै पनि ठाउँमा बेली ब्रिज राखिसकिएको छैन। विभागले मेलम्ची-हेलम्बु सडक र बेँसीसहर-चामे सडकमा बेली ब्रिज राख्ने योजना बनाएको छ। उहाँले भन्नुभयो, “बेली ब्रिज राख्न खोलाको सतह कम भएर सडक पनि अवरुद्ध भइहाल्ने अवस्था नहुँदा सजिलो हुन्छ।”

यस वर्ष वर्षाका कारण सबैभन्दा बढी असर बेँसीसहर-चामे सडक र अरनिको राजमार्गमा देखिएको उपमहानिर्देशक अधिकारीले बताउनुभयो। बेँसीसहर-चामे सडकमा अहिले विभागले लमजुङतर्फबाट सडक खुलाइरहेको छ। मनाङतर्फ भने चट्टान रहेकाले नेपाली सेनाले नै खुलाउनुपर्ने उहाँले बताउनुभयो। सो क्षेत्रमा चट्टान फुटाउनका लागि विस्फोटन गर्नुपर्छ। उहाँले भन्नुभयो, “सो क्षेत्रमा सेनाको सहयोगमा सडक खुलाउने गरी कुरा भएको छ।”

असार महिनामा वर्षाका कारण पहिराले अरनिको राजमार्गको ठाउँठाउँमा सडक अवरुद्ध बनेको थियो। अहिले पहिरो पन्छाएर कतै एकातर्फबाट त कतै दुवैतर्फबाट सडक सञ्चालन भइरहेको उपमहानिर्देशक अधिकारीले बताउनुभयो। सो राजमार्गमा खासगरी दुई ठाउँमा क्षति पुगेकामा एक ठाउँमा निर्माण भइसकेको छ भने एउटामा निर्माण भइरहेको छ। एक ठाउँमा वर्षाले पुल नै कटान गरेको थियो। उहाँले भन्नुभयो, “ठूलो क्षति भएको ठाउँमा ढलान नै गरेर पर्खाल उठाउनुपर्ने भएको छ।”

बाढी र पहिराका कारण सडक ठाउँठाउँमा क्षतिग्रस्त बने पनि खुलाइँदै आएको छ। सडक नै भासिएको वा पुल नै बगाएको ठाउँमा मात्रै सडक चालु गर्न लामो समय लाग्ने देखिएको छ। उहाँले भन्नुभयो, “पुल बगाएको ठाउँमा पानीको तह नघटी केही गर्न सकिँदैन।”

चालु आवमा चाँडो वर्षा सुरु भएकाले अन्तिम काम भइरहेका धेरै पुल सम्पन्न हुन नसकेको उपमहानिर्देशक अधिकारीले बताउनुभयो। निर्माणाधीन कतिपय पुलमा निर्माण व्यवसायीले ढलान गर्नका लागि टेको लगाएकामा क्षतिग्रस्त भएका छन्। बर्सेनि असार १५/२० पछि मात्रै वर्षा सुरु हुने गरेको भए पनि यो वर्ष जेठमा नै वर्षा सुरु भएको थियो। कतिपय पुल वर्षा पहिले ढलान गरिसक्ने गरी निर्माणको काम अघि बढाइएको थियो। वर्षाका कारण पुल सम्पन्न हुन नसकेको र पुलको टेको बगाएको उहाँले बताउनुभयो।

बेँसीसहर-चामे सडकमा सडक नै भासिने र पुल नै बगाउने गरी भएको क्षतिले गर्दा मनाङ जिल्ला सडक सम्पर्कबाट टाढा बनेको विभागले जनाएको छ। सो सडकमा खासगरी मनाङको तिमाङ छहरा, तिमाङ खोला, धारापानी, बगरछाप, रामबजार, अर्खलेमा बाढीले बढी असर पुर्‍याएको छ। अरनिको राजमार्गको लिपिङ पुलमा क्षतिग्रस्त भएको छ।

गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडकअन्तर्गत त्रिशूली खोला, सानो भार्खु खोला र गाँजाबारीमा गत असार १ गते अवरुद्ध भएकामा अझै खुल्न सकेको छैन। सोही सडकअन्तर्गत आइतबार मैथली खोलामा पनि अवरुद्ध बनेको छ। बझाङमा खोड्पे-चैनपुर सडक झौलेकमा अवरुद्ध भएकामा खुल्न सकेको छैन।

बर्सेनि वर्षाका कारण सडकमा क्षति पुग्ने गरे पनि यो वर्ष वर्षा भारी भइरहँदा धेरै सडकमा क्षति पुगेको विभागले जनाएको छ। अवरुद्ध सडक खुलाउनका लागि विभागले जेठदेखि नै ठाउँठाउँमा उपकरण तयारी अवस्थामा राख्ने गरेको छ। डिभिजन सडक कार्यालय र हेभी इक्युपमेन्ट कार्यालयले तयारी अवस्थामा रहेका उपकरणबाट नै सडक खुलाउने गर्छन्। बढी क्षति भएका र भएका उपकरण उपलब्ध नहुँदा अरू कार्यालयसँगको समन्वयमा सडक खुलाउने गरिएको विभागले जनाएको छ।

# आठ अर्बको लगानीमा पाँचतारे होटल निर्माण गरिँदै

काठमाडौं, २० साउन (रासस)।

कोरोना महामारीबीच काठमाडौंको नक्सालमा रु आठ अर्ब लगानीमा पाँचतारे होटल निर्माण भइरहेको छ। नेपालको व्यावसायिक घरानाका रूपमा स्थापित हुँदै गएको शङ्कर समूहले जगदम्बा हस्पिटालिटी गुप्र प्रालिअन्तर्गत काठमाडौं महानगरपालिका-१ स्थित नक्सालमा ‘होटल हिल्टन काठमाडौं’ निर्माण गर्न लागेको हो।

आठ रोपनी क्षेत्रफलमा निर्माण हुन लागेको उक्त होटललाई चेन होटलका रूपमा निर्माण गर्न लागिएको जगदम्बा हस्पिटालीटी गुप्र प्रालिका उपाध्यक्ष नीतिन शर्माले जानकारी दिनुभयो। विश्वमा छ हजारभन्दा बढी चेन होटल रहेको हिल्टन होटलको नेपालमा पहिलो पटक चेन होटल निर्माण गर्न लागिएको हो।

सन् २०२० मा होटल निर्माण सम्पन्न गर्नेगरी सन् २०१६ बाट होटल निर्माण शुरु गरे पनि कोरोना महामारीका कारण होटल निर्माणमा ढिलाइ भएको हो। सन् २०२२ को अन्त्य सम्ममा होटल निर्माण सम्पन्न गरिसक्ने गरी काम तीव्रगतिमा भइरहेको उपाध्यक्ष शर्माको भनाइ छ।

पाँचतारे लक्जरी होटल हिल्टन काठमाडौंमा १७५ गेष्ट रुम रहनेछन्। हेल्थ क्लब स्पा, वातावरण अनुकूल स्वीमिङ पुल र फिटनेस सेन्टरसहितका सुविधा उक्त होटलमा उपलब्ध हुने प्रालिले जनाएको छ। उक्त होटलले स्थानीय तथा अन्तर्राष्ट्रिय स्वादका खाना उपलब्ध गराउने बताइएको छ।

उक्त होटलमा विवाह तथा सभा समारोहका लागि छुट्टै सभाकक्ष निर्माण हुने भएको छ। दुई तला अण्डर ग्राउण्डसहित बन्न लागेको १८ तल्ले भवनको १६औं तलामाथि स्वीमिङ पुल रहनेछ। होटलमा नाइट क्लब, जिम हल, स्पालगायतका सुविधासमेत हुनेछन्।

अमेरिकाबाट आयात गरिएको सेस्मिक डचाम्पर प्रविधिबाट निर्माण गरिएको होटल भूकम्प गएको बेलामा समेत सुरक्षित हुने शङ्कर गुप्रका प्रबन्ध निर्देशक शाहिल अग्रवाल बताउनुहुन्छ। विदेशी पर्यटकलाई पूर्ण रूपमा सुरक्षित बनाउने आफ्नो योजना रहेको उहाँको भनाइ छ।

निर्माण सम्पन्न भएर सञ्चालनमा आएका तारे होटलको सङ्ख्या नेपालमा १४३ पुगेको छ। यो मुलुकभर सञ्चालनमा आएका एकतारेदेखि पाँचतारे होटलको सङ्ख्या हो। पर्यटन विभागका सूचना अधिकारी मोहनबहादुर जिसीका अनुसार नेपालमा पाँचतारे १६, चारतारे १९, तीनतारे ३३, दुई तारे ४१ र एकतारे ३४ होटल सञ्चालनमा छन्। यस्तै पाँचतारे होटलस्तरका दुई बुटिकसमेत सञ्चालनमा छन्।

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरे पनि कोरोना महामारी विश्वभर फैलिँदा नेपालमा भ्रमण वर्षको कार्यक्रम स्थगित गरिएको थियो। विश्वका विभिन्न मुलुकसहित नेपालमा पनि नयाँ भेरियन्टसहितको पहिलो तथा दोस्रो चरणको कोरोना सङ्क्रमण देखिँदा नेपाल भ्रमणका लागि आउने विदेशी पर्यटकको सङ्ख्यामा कमी आएको छ।

# विदेशमा अध्ययन स्वीकृति सेवाबारे छानबिन गर्न समिति

काठमाडौं, २० साउन (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विदेशमा पढ्न जाने विद्यार्थीका लागि दिइँदै आएको अध्ययन स्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) सेवाको प्रभावकारिताबारे छानबिन समिति गठन गरेको छ।

मन्त्रालयका उपसचिव लक्ष्मीकुमार खड्काको संयोजकत्वमा १५ दिनको कार्यादेशसहित गठित तीन सदस्यीय समितिले मङ्गलबारदेखि कार्यारम्भ गरेको छ। मन्त्रालयका सचिव रामप्रसाद थपलियाको निर्णयबाट गठित सो समितिले उक्त सेवालाई चुस्त, दुरुस्त र छिटो छरितो बनाउने विषयमा सुझाव दिने संयोजक खड्काले बताउनुभयो। केशरमहलस्थित छात्रवृत्ति शाखाबाट हुने उक्त सेवा प्रभावकारी नभएको तथा सेवाग्राहीले अनावश्यक झमेला व्यहोर्नुपरेको गुनासो आएपछि मन्त्रालयले शाखामा कार्यरत दुई कर्मचारीलाई काज फिर्ता गरेर नयाँ कर्मचारी पठाउने तयारी गरेको छ।

सो शाखाका प्रमुख नारायण नेपालले हाल अनलाइन माध्यमबाट पनि अध्ययन स्वीकृतिका लागि आवेदन दिन सकिने भएकाले सेवा क्रमशः सुधार हुँदै गएको र अनलाइन सेवालाई पूर्णरूपमा सञ्चालन गराउन पहल भइरहेको बताउनुभयो। उहाँले विद्यमान कार्यविधिमा संशोधन भएमा आवेदन दिने विद्यार्थीले घरमै बसेर अध्ययन स्वीकृतिको प्रमाणपत्र प्रिन्ट दिन सकिने जनाउनुभयो। प्रमुख नेपालका अनुसार मङ्गलबार २३८ जनाले उक्त स्वीकृति लिएका थिए भने बुधबार मध्याह्नसम्म ८० जनाले लिएका छन्। उहाँले कागजात पूरा भएमा सोही दिन र आवेदनको चाप भएमा एक/दुई दिनमा स्वीकृतिपत्र उपलब्ध हुनेछ।

## विश्व समाचार

### बेलायतमा कोरोनाबाट हुने मृत्यु फेरि बढ्यो

लन्डन, २० साउन (रासस/सिन्ह्वा)।

कोरोना भाइरसबाट हुने मृत्यु बेलायतमा फेरि बढेको बताइएको छ। यहाँ मंगलबार त्यसअघिको २४ घन्टामा कोरोना भाइरसको सङ्क्रमणबाट १३८ जनाको ज्यान गएको समाचारमा जनाइएको छ।

यो मृत्यु गएको पाँच महिना पछिको नै सबैभन्दा बढी हो। यसअघि गएको मार्च १७ पछि यहाँ मंगलबार सबैभन्दा बढी नागरिकको यो भाइरसबाट ज्यान गएको थियो।

यहाँ पछिल्लो समयमा कोरोनाबाट सम्बन्धित मृत्यु बढ्दै गएको छ। यहाँ अहिलेसम्म एक लाख २९ हजार ८८१ जनाको कोरोनाबाट मृत्यु भएको छ।

पछिल्ला केही हप्तामा यहाँ फेरि नयाँ भेरिएन्टको कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएको देखिएको छ। यसबाट सङ्क्रमणमा पनि वृद्धि भएको यहाँका स्वास्थ्य अधिकारीले बताएका छन्।

त्यसैगरी यहाँ गएको २४ घन्टामा २१ हजार ६९१ जना सङ्क्रमित भएका छन्। यो संख्या पनि पछिल्लो समयमा देखिएको धेरै संख्या हो।

यो समेत गरी बेलायतमा ५९ लाखभन्दा बढी मानिस यो भाइरसबाट सङ्क्रमित भएको समाचारमा जनाइएको छ।

### भारतमा थप ४२ हजार ६२५ कोरोना सङ्क्रमित

नयाँदिल्ली, २० साउन (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट थप ४२ हजार ६२५ जना सङ्क्रमित भएका छन्।

कोरोना भाइरसबाट सङ्क्रमितको कूल सङ्ख्या तीन करोड १७ लाख ६९ हजार १३२ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ।

भारतमा अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख, १० हजार ३५३ रहेका छन्। यो संख्या कूल सङ्क्रमितको १.२९ प्रतिशत हो।

गत २४ घण्टाको अवधिमा कोरोना भाइरसका कारण भारतमा ५६२ जनाको मृत्यु भएको छ। कोरोना सङ्क्रमणका कारण भएको कूल मृतकको सङ्ख्या चार लाख २५ हजार ७५७ पुगेको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्।

पछिल्लो २४ घण्टामा भारतमा ३६ हजार ६६८ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्। भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कूल सङ्ख्या तीन करोड नौ लाख २२ हजार ३५४ रहेको छ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार कूल सङ्क्रमितमध्ये ९७.३७ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भइसकेका छन्।

हालसम्म यहाँ ४७ करोड ३१ लाख ४२ हजार ३०७ जनाको कोरोना भाइरस परीक्षण गरिएको छ। हिजो एकै दिनमा १८ लाख ४७ हजार ५१८ जनाको कोरोना परीक्षण भएको थियो।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि अहिलेसम्म ४८ करोड ५२ लाख ८६ हजार ५७० डोज कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ।

### लेबनानद्वारा विश्व समुदायसँग सहयोगको याचना

बेरुत, २० साउन (रासस/सिन्ह्वा)।

लेबनानले मुलुक गम्भीर सङ्कटमा पुगेकाले सहयोगका लागि विश्व समुदायलाई अनुरोध गरेको छ।

राष्ट्रपति मिचेल औनले बुधबार मुलुक अति अप्ठ्यारो अवस्थामा पुगेको बताउँदै सहयोग गर्न सबैलाई अनुरोध गर्नुभएको हो।

राष्ट्रपति कार्यालयद्वारा जारी वक्तव्यमा विश्व समुदायको सहयोग अत्यावश्यक भइसकेको उल्लेख गरिएको छ।

विकासमा धेरै पछाडि परेको मुलुक लेबनानमा अहिले अकल्पनीय तरिकाले गरिबीको वृद्धि बढीरहेको छ।

त्यसैगरी कोरोनाभाइरसको महामारीले पनि लेबनानलाई नराम्रोसँग थला पारेको छ। महामारीका कारण औषधिको अभाव र स्वास्थ्य सेवामा समस्या भइरहेको छ।

सरकारी अधिकारीहरूका अनुसार सिरियाबाट विस्थापितहरूको ठूलो भार पनि लेबनानलाई नै परेको छ। त्यसैले लेबनानलाई सहयोगको खाँचो परेको उनीहरूले बताएका छन्।

लेबनानमा अहिले विद्युत् तथा पानीसम्बन्धी सेवाका लागि भौतिक संरचनाहरू निर्माण तथा मर्मत गर्न सहयोगको आवश्यकता रहेको छ। त्यसैगरी लेबनानको सैनिकलाई पनि सहयोगको खाँचो रहेको राष्ट्रपतिले उल्लेख गर्नुभएको छ।

बेरुत नाकालाई पूर्णरूपमा सञ्चालनमा ल्याउनका लागि चाहिने सहयोग आफूहरूका लागि सबैभन्दा प्राथमिकतामा रहेको उहाँको भनाइ छ।

बेरुत नाका देशको अर्थतन्त्रका लागि ठूलो कोसेढुङ्गा भए पनि अहिले सञ्चालन नभएकाले समस्या भएको जनाइएको छ।

# माओवादी केन्द्रको बिष्णुपुर गाउँपालिका कमिटी गठन




**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

नेकपा माओबादी केन्द्रको सप्तरीको बिष्णुपुर गाउँपालिका कमिटी बुधबार एक कार्यक्रमबीच गठन गरिएको छ ।

जिल्ला कमिटी सदस्य राम कुमार रायको अध्यक्षतामा तथा केन्द्रिय सदस्य एवम जिल्ला अध्यक्ष अशोक कुमार मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले ५१ सदस्यीय गाउँ कमिटि गठन गरेको हो ।

सो कमिटीका सहअध्यक्षमा प्रमोद कुमार यादव, उपाध्यक्षमा हरीबोल मण्डल, सचिवमा धनेश्वर मण्डल, सहसचिवमा बीरेन्द्र मण्डल, कोषाध्यक्षमा दिपा कुमारी रायलाई चयन गरिएको छ । यस्तै सदस्यहरुमा महादेव साह, तेजन खंग, सदानन्द साह, डम्बर नारायण यादव, आनन्द मुखिया, ईन्द्रदेव मण्डललगायत छ ।

प्रदेश कमिटी सदस्यत्रय महेश प्रसाद यादव, अरुण कुमार साह, छेदी रजक, जिल्ला सदस्य तथा किसान महासंघका प्रदेश २ का ईन्चार्ज हरि नारायण महतोसहितकाले नव गठित कमिटीलाई शुभकामना दिएका थिए ।

सो अवसरमा जिल्ला सदस्य बैधनाथ यादव, प्रमोद मण्डल, राजु जयशवाल, प्रेस संगठन कार्यालय सदस्य देबराम यादव, अखिलका जिल्ला अध्यक्ष रंजित मण्डल सहितको उपस्थिती रहेको थियो ।

## राजविराज नगरपालिका कार्यालय
## राजविराज, सप्तरी

**आशयको सूचना सम्बन्धमा ।**

प्रकाशित मिति : २०७८।०४।१९

उपरोक्त सम्बन्धमा राजविराज नगरपालिका **अधिनस्तमा रहेको हटिया गुदडी बैठकी बट्टी असुल तहसिल कार्यका लागी ठेक्का लगाउने** मिति २०७८।०३।१५ गते सुचना प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्र दाताको बोलपत्र अधिक्तम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्र दाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | नाम |
|---|---|
| १ | सिता कुमारी साह, बोदे बरसाईन न.पा. ४ |

मदन कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

## राजविराज नगरपालिका कार्यालय
## राजविराज, सप्तरी

**आ.व. २०७८।०७९ का लागि बिभिन्न ठेक्कामा सिलबन्दि बोलपत्र आव्हानको सूचना ।**

दोश्रो पटक प्रकाशित मिति २०७८।०४।१९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आगामी आ.व. २०७८।०७९ का निम्न ठेक्का लगाउने विषयको विस्तृत सूचना आजको मितिमा नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ । इच्छुक बोलपत्रदाता यस कार्यालयको सूचना पाटी वा यस न.पा. को website : www.rajbirajmun.gov.np हेर्नुहुन सूचित गरिन्छ ।

| क्र.सं. | ठेक्काको नाम | न्युनतम अंक |
|---|---|---|
| १ | कल्टुदास पोखरी साविक वडा नं. ४ हाल ३ | ४,५०,०००।०० |

मदन कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np